मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**प्रजातन्त्रका आधारभूत पक्षहरु**

- ☞ संवैधानिक सर्वोच्चता
- ☞ शक्ति पृथकीकरण
- ☞ बहुलवादको सम्मान
- ☞ आवधिक निर्वाचन
- ☞ विधिको शासन
- ☞ मौलिक हक
- ☞ मानवअधिकार
- ☞ पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- ☞ सामाजिक न्याय तथा समावेशीकरण
- ☞ आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पत्रकारितासँगै विकासमा राससको भूमिका महत्वपूर्ण : सभामुख पाठक

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले पत्रकारिता क्षेत्र र राज्यको विकासमा राससको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । राससको ६३ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रममा बोल्दै सभामुख पाठकले यस्तो बताएका हुन् ।

सभामुख पाठकले राससले लामो समयदेखि राज्यमा सूचनाको हक स्थापना गर्दै कुनाकन्दराका जनतालाई सुसूचित गराएको स्मरण गर्दै राससले अझै सुशासन, विकास र समृद्धिमा महत्वपूर्ण भूमिका निर्बाह गर्न सक्ने बताए । उनले भने 'राज्यमा सुशासन कायम गर्दै विकास र समृद्धिका लागि राससले दिनरात खटेको छ, राससले अझ थप सशक्तका साथ सूचना संप्रेषण गर्नुपर्ने अवस्था छ ।'

पञ्चायतकालीन अवस्थाको समाचार संकलन, प्रशोधन, संप्रेषण पद्धतीमा देखिएका कठिनाईबाट गुज्रिएको राससले बर्तमान प्रबिधिको अधिकतम प्रयोग गरी नागरिकको सूचनाको हक सुनिश्चित गरिरहेको सभामुख पाठकको भनाई थियो । सरकारी समाचार एजेन्सीले सरकारी निकायको मात्र समाचार लेखेर सुशासन र समृद्धिको मुद्दामा सहयोग नपुग्ने भन्दै सभामुख पाठकले ग्रामीण क्षेत्रका समस्यालाई उजागर गर्न आग्रह गरेका छन् ।

कार्यक्रममा बागमती प्रदेशका सांसद प्रेमबहादुर पुलामीले राससले राज्यलाई सुशासन कायम गर्न टेवा पुऱ्याएको बताए । राज्य




पुन:संरचनामा गएसँगै राससले पनि प्रदेशबाट सेवा दिंदा सत्य, तथ्य र निष्पक्ष समाचारको लागि पहल गरेकोमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा अझ सशक्त हुन समेत शुभकामना दिए । राससले नेपालको सूचना र संचारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै सांसद पुलामीले ठूलो ईतिहास बोकेको रासससँग जिम्मेवारी पनि ठूलै र हेको चर्चा गरे ।

बागमती प्रदेशका सञ्चार रजिस्टार रेवतीप्रसाद सापकोटाले राससको थप विकासको लागि प्रदेशका १३ वटै जिल्लाका राससकर्मीलाई क्षमता विकासको लागि प्रदेश सरकारले तालिम दिन लागेको बताउदै राससलाई संघीय संरचनामा लैजान बागमती प्रदेश सरकार तयार रहेको जनाए । उनले प्रदेश सरकारले राससको प्रदेश संरचनाको ब्यबस्थानको जिम्मा लिन तयार रहेको बताए ।

त्यसैगरी समाजवादी प्रेस संगठनका केन्द्रीय महासचिव रामकुमार एलनले राससले बर्तमान अबस्थामा दिइरहेको कन्टेन्टले पत्रकारितामा नयाँ आयाम थपेको बताउँदै राससले थप गरेको भिडियो सेवा र विचार प्रवाहले संचारक्षेत्रलाई मजबुद बनाउने काम गरिरहेको दाबी गरे । निजी क्षेत्रका संचारकर्मीले स्तरबृद्धि गर्न नसकेको खण्डमा मिडिया संचालकले राससको सेवा लिएर आफ्ना कमजोर संचारकर्मीलाई बिदा गर्ने दिन नजिकिंदै गएको महासचिव एलनले बताए ।

गैरसरकाररी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठकले राससले राज्यमा विकास र सुशासनको क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गरेको भन्दै राससलाई अन्य सरकारी निकाय सरह सुबिधा र प्रबिधि सम्पन्न भवनबाट थप सेवाका साथ लैजाने वातावरण बनाउन सबैलाई अनुरोध गरिन् । उनले राससले गैरसरकारी क्षेत्रका सफलता र समस्याका बिषयमा अझै परिष्कृत सूचना प्रवाह गर्न सुझाव दिइन् ।

रासस बागमती प्रदेश ब्युरो प्रमुख सुरेश झाको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, सरकारी कार्यालयका प्रमुखहरु, संचार सम्बद्ध संघसंस्थाका प्रमुखहरु, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहाल र भानुभक्त आचार्यलगायत संचारकर्मीहरु, नारायणी यातायात ब्यवसायी संघका महासचिव सरोज खनाल, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## गाँजासहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मकवानपुर प्रहरीले अवैध लागूऔषध गाँजासहित तीनजनालाई गएराति पक्राउ गरेको छ । राक्सिराङ गाउँपालिका-५, बोटबारीबाट ७० किलो लागूऔषध गाँजासहित तीनजनालाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पक्राउ पर्नेहरुमा राक्सिराङ गाउँपालिका-१ सानोभावर बस्ने ५० वर्षीय पूर्णबहादुर मोक्तान, २४ वर्षीय बावुलाल स्याङतान र राक्सिराङ गाउँपालिका-२ भाटी घर भई हाल हेटौंडा-११, थानाभऱ्याङ बस्ने २४ वर्षीय आमोस पुलामीमगर रहेका छन् । प्रहरीचौकीबाट प्रहरी सहायकनिरीक्षक खटिएको गस्तीटोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

गस्ती गर्दै जानेक्रममा राक्सिराङको भित्री सडकखण्डमा परेवाभिरबाट पलाँसेतर्फ आउँदै गरेको प्रदेश ३-००१ ह ०१९६ नम्बरको अटोलाई शंका लागी रोक्न खोज्दा अटो नरोकी भगाउने क्रममा पल्टिदा प्रहरीले २ (दुई) वटा बोरामा ७० केजी गाँजा फेलापरेपछि निजहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धान भइरहेको र अटोचालक फरार रहेकोले उनको खोजी कार्य भइरहेको जनाइएको छ ।

## बलात्कारको आरोपमा पूर्वलडाकु श्रेष्ठ पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मकवानपुरकी एक बालिका बलात्कारको अभियोगमा सिन्धुलीका पूर्वमाओवादी लडाकु कमाण्डर पक्राउ परेका छन् ।

फागुन ४ गते १३ वर्षीया बालिका बलात्कार गरेको अभियोगमा सिन्धुली मरिन गाउँपालिका-७ का हरि श्रेष्ठलाई पक्राउ गरिएको जिप्रका मकवानपुरका प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले बताए । उनलाई पहिलोपटक म्याद थप गरेर अनुसन्धान भइरहेको जानकारी भण्डारीले दिए ।

जनयुद्धकालमा प्रमोद नामले चिनिने श्रेष्ठ माओवादी जनमुक्ति सेनाको दोस्रो डिभिजन कमाण्डर थिए । उनी लडाकुलाई शिविरमा राखिएका बेला दुधौलीमा थिए । हाल उनी बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको केन्द्रीय सचिवालय सदस्य छन् ।

डीनाले भनिन्

## 'जनताको बीचमै गएर काम गर्ने नीति बनाउनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले पार्टीले जनताको बीचमा गएर काम गर्ने नीति बनाउनुपर्ने बताएकी छन् ।

सोमबारबाट ललितपुरको गोदावरीमा सुरु पार्टीको महासमिति बैठकमा पार्टीको तर्फबाट स्वागत मन्तव्य राख्दै उनले संविधान कार्यान्वयनको जिम्मेवारी र अभिभारा कांग्रेसको भएको बताइन् । कांग्रेसको नीति उत्कृष्ट बनाउने र अबको नीतिले मुलुकको पुन: परिवर्तन र जनताको विकास गर्छ भन्ने हुनुपर्ने धारणा उनको थियो । 'हाम्रो गौरवाशाली इतिहासलाई स्मरण गर्दै हामीले ल्याएको परिवर्तनलाई कार्यान्वयन गर्ने जिम्मेवारीको बाटोमा पार्टी छ । हामीले प्रस्ताव पनि यहाँ ल्याएको अवस्था छ । यसलाई गहन जिम्मेवारी र दायित्वका साथ पास गर्नुपर्छ ।', डीनाले भनेकी छन् ।



सहमहामन्त्री उपाध्यायले मुलुकलाई अब कता लाने ? भन्ने अभिभारा पनि नीति अधिवेशनको भएको जिकिर गरिन् । 'जनताको विश्वास कांग्रेसमा छ, जनताले भनेका छन् संविधानमा दिएका अधिकार कांग्रेसले कार्यान्वयन गराउने छ । स्थानीय तहमा हाम्रो पार्टी ठूलो छ । प्रदेश र केन्द्रमा स्थापित छ । त्यसैले जनताले भनेका छन् कांग्रेसले मुलुकको अगुवाइ गर्नुपर्छ । जनताको जीवनपद्धतिको विकासलाई नेपाली कांग्रेसले हेर्नुपर्छ ।', उनले थपिन् ।

पार्टीमा न्याय नपाएको आवाज बढेको भन्दै उनले न्याय पाउने र न्याय दिने वातावरण बनाउन महासमिति बैठकले नीति अवलम्वन गर्न सफल हुने विश्वास व्यक्त गरिन् । 'यो मेरो पनि आवाज हो । हाम्रो अपनत्वमा बनेको संविधानको रक्षा जनआन्दोलनको मर्म र भावनलाई बोकेर अघि बढ्नुपर्छ । अन्याय भयो भन्नेलाई अभिलेखकिरण गर्दै सबैलाई न्याय दिने वातावरणमा सबै जुटौं ।', उनले भनिन् ।

## सहिद स्मारकमा राष्ट्रिय झण्डा फहराइयो

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडाको प्रमुख पर्यटकीयक्षेत्र सहिदस्मारकमा राष्ट्रिय झण्डा फहराइएको छ । स्मारक विकास समितिले प्रजातन्त्र दिवसको अवसर पारेर ६५ फिट अग्लो फलामे पोलमा २२ फिट लामो झण्डा फहराएको हो ।



सोमबार राष्ट्रिय क्लाकार हरिवंश आचार्यले स्मारकपरिसरमा झण्डाको उद्घाटन गरेका थिए । सहिदस्मारकमा प्रजातन्त्र दिवसको अवसर पारेर झण्डोत्तलन गर्न पाएकोमा आचार्यले खुशी व्यक्त गरे । उनले ६५ वर्षको उमेरमा ६५ फिटको झण्डा फहराउन पाउनुलाई ठूलो अवसरका रुपमा लिएको बताएका छन् ।

कार्यक्रममा स्मारक विकास समितिका अध्यक्ष एवम् बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले ३ करोड नेपालीले रुचाएको व्यक्तिबाट ३ करोड नेपालीको राष्ट्रिय झन्डा फहराइएको बताए । स्मारक बागमती प्रदेशको मात्र नभई नेपालकै उत्कृष्ट पार्कका रुपमा विकास हुँदै गएको भन्दै यहाँ विदेशबाट समेत पर्यटक आउने गरेको बताए । उनले स्मारक सबैको साझा भएको बताएका छन् ।

कार्यक्रममा संविधानसभा सदस्य अनन्त पौडेल, बागमती प्रदेशका पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठ, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देललगायतको उपस्थिति थियो ।

## तीन मुक्तककार सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मुक्तक मञ्च मकवानपुरले सोमबार तीनजना मुक्तककारलाई सम्मान गरेको छ । मुक्तक मञ्च मकवानपुरको दोस्रो वार्षिकोत्सवको अवसरमा आयोजित प्रथम अधिवेशन, १४ औं मुक्तकवाचन श्रृंखला तथा स्रष्टा सम्मान कार्यक्रमबाट तीनजना मुक्तककारलाई सम्मान गरेको हो ।

मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डिबी बर्तौलाद्वारा आफ्ना पिताको स्मृतिमा स्थापित 'बहादुरानन्द स्मृति मुक्तक सम्मान २०८०' बाट पोखराका मुक्तककार दीपक समिपलाई प्रदान गरेको हो । सम्मानको राशी ७ हजार ७ सय ७७ रुपैयाँ रहेको छ । मुक्तक मञ्च मकवानपुरका उपाध्यक्ष किशन पौडेलद्वारा स्थापित तारा स्मृति सम्मान २०८० बाट मुक्तककार हरिकृष्ण काफ्लेलाई प्रदान गरेको छ ।

प्रलेस मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीद्वारा आफ्नो हजुरआमाको स्मृतिमा स्थापित 'इन्दिरादेवी स्मृति मुक्तक सम्मान २०७९' बाट थाहा नगरपालिकाका मुक्तककार बिर्खे अञ्जानलाई प्रदान गरेको छ । यो सम्मानको राशी नगद ५ हजार ५सय ५५ रुपैयाँ रहेको छ । कार्यक्रममा मकवानपुरे पत्रकार सुजन ढकाल र प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीलाई सम्मान गरिएको थियो ।

मुक्तक मञ्च मकवानपुरका अध्यक्ष बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज मुक्तककार देवराज खरेलको प्रमुख आतिथ्यता रहेको थियो । झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलले सोमबार सम्मानित भएका तीनजना मुक्तककारको संक्षिप्त परिचय दिएका थिए । कार्यक्रममा करिव दुई दर्जन व्यक्तिले मुक्तक वाचन गरेका थिए ।

### मुक्तक मञ्चमा सागर

मुक्तक मञ्च मकवानपुरको अध्यक्षमा सागर तिमल्सिना चयन भएका छन् । सोमबार भएको संस्थाको प्रथम अधिवेशनबाट तिमल्सिनाको अध्यक्षातामा नयाँ कार्यसमिति बनेको हो ।

संस्थाको उपाध्यक्षमा मेनु तिमल्सिना, सचिवमा सुवास सजल, सहसचिवमा स्वस्तिका बानियाँ र अजर फुँयाल, कोषाध्यक्षमा मिथिला अधिकारी चयन भएका छन् । यसैगरी सदस्यमा अनु रोक्का, बैकुण्ठ लामिछाने, कमल नेपाल, देव निर्दोष र प्रयासी प्रविना चयन भएका छन् ।

## ७०० जनाको परीक्षण गर्दा ५१ मा मोतियाविन्दु

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/रोटरी क्लव मकवानपुर र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा सोमबार नि:शुल्क आँखा शिविर भएको छ । हेटौंडा-१३ स्थित फेमकोल एकेडेमीमा भएको शिविरमा ७ सय ९ जनाले आँखा परीक्षण गराउँदा ५१ जनामा मोतियाविन्दु देखिएको विद्यालयका प्रिन्सिपल केशव मुडभरीले जानकारी दिएका छन् ।

फेमकोल विद्यालयको व्यवस्थापनमा बुधबार ५१ जना मोतियाविन्दु भएका व्यक्तिको आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया हुने मुडभरीले बताए ।

फेमकोल विद्यालयका प्रिन्सिपल मुडभरीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-१३ का वडाध्यक्ष पेम्वा लामाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा हेटौंडा-१२ का कार्यवहाक अध्यक्ष ज्ञानबहादुर श्रेष्ठ, रोटरी क्लव मकवानपुरका पूर्वअध्यक्ष कविन सांगामी, अनिल अग्रवाल, गोकर्ण सुवेदी, विज्ञान रिमाल, हरि कुमार शर्मा, रामप्रसाद शर्मालगायतको आतिथ्यता रहेको थियो ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बहसमा सिनेपर्यटन

आइतबारबाट हेटौंडामा सुरु भएको चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेलामा सिनेमा पर्यटनको बहस सुरु भएको छ । यो बिषयमा पहिलोपटक बहसको थालनी भएको होइन । तर, अहिले संघको स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा चलचित्र पत्रकार संघ केन्द्रीय समितिले राष्ट्रिय भेला आयोजना गरी अब नेपालमा सिनेपर्यटनको जोडदार आवाज उठाएको हो । सिनेपर्यटनलाई अघि सार्दै सिनेमा मार्फत् नेपालको पर्यटन प्रबर्द्धन गर्ने सवालमा कलाकार र पत्रकार एकै कित्तामा उभिएपछि यो बिषयले बढी महत्व पाएको हो । पर्यटकीय हिसाबले मकवानपुर महत्वपूर्ण रहेको र फिल्म स्टुडियो बनाउन हेटौंडा उपमहानगर पालिकाले जग्गा उपलब्ध गराउने प्रतिवद्धता पनि आएको छ । बोर्डले नेतृत्व लिएमा उपमहानगरपालिकाले आर्थिक तथा समाजिकरुपमा सहयोग गर्ने नगरनेतृत्वले घोषणा गरेको अवस्था छ ।
मकवानपुरको थाहानगर प्राकृतिक स्टुडियो पनि हो ।

कतिपय मुलुकमा यो सौन्दर्य छैन । उनीहरुले मानवनिर्मत स्टुडियोको सहाराले चलचित्र छायाङ्कन गरिरहेका छन् । नेपालमा चलचित्रक्षेत्रले सेवाक्षेत्रको रुपमा मान्यता नपाउँदा समस्या भएको बताइएको छ । चलचित्र क्षेत्रको विकासका लागि प्रदेश सरकारले कानुन निर्माण गर्ने तयारी गरेको बताइएको छ । प्रदेश सरकारले ऐन निर्माणका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ऐनको मस्यौदा तयार गरिरहेको छ । एकवर्ष भित्र चलचित्र क्षेत्रमा नयाँपनको महशुस हुनेगरी काम गरिरहेको प्रदेश संचार रजिष्ट्रारको कार्यालयको दाबी थियो । नेपालमा चलचित्र क्षेत्र यस्तो सशक्त माध्यम हो जसले समाज परिवर्तनमा धेरै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपाली सिनेजगतमा रहेका बिकृतिबिसंगतीलाई हटाउँदै ब्यावसायिक बनाउदै लैजानुपर्ने चुनैती पनि छ । यो सबै बिषयमा राष्ट्रिय भेला उपलब्धीमूलक बन्नु पर्दछ । चलचित्र पत्रकार संघ मकवानपुर शाखाले समन्वय तथा व्यवस्थापन गरेको भेला ११ सेसनमा विभिन्न कार्यक्रम भइरहेको छ । भेलामा सिनेमा र पर्यटनका विभिन्न विषयमा ११ सेसनमा संवाद जारी  रहेको संघले जानकारी दिएको छ । हेटौंडाको पल्पसा प्याराडाइज होममा आयोजित भेलामा सिनेमा र पर्यटनसँग सम्बन्धित विभिन्न क्षेत्रका ११ वटा सेसन सञ्चालन भइरहेको छ ।

भेलामा चलचित्र पत्रकारितामा क्रियाशील सय बढी पत्रकार, चलचित्र निर्माता, निर्देशक, चलचित्रकर्मीको उपस्थिति रेहेको छ । नेपाली चलचित्र उद्योगको कार्यपत्र र चलचित्र पत्रकारिता क्षेत्रको कार्यपत्र प्रस्तुत गर्ने र त्यसमाथी छलफल जारी छ । बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको चलचित्र ऐन मस्यौदा माथि छलफल हुनेछ । प्रेस काउन्सिल नेपालले विट पत्रकारिता र हेटौंडाका पत्रकारका लागि आचारसंहिताका बारेमा छलफल गरिने छ । बिज्ञापन बोर्डले अनलाइन ब्यवस्थापनसम्बन्धी कार्यपत्र पेश गर्ने तयारी रहेको बताइएको छ । चलचित्र उद्योगलाई राज्यले केवल मनोरञ्जनको रुपमा मात्र हेरिरहेको अवस्थालाई समयसापेक्ष सरकारको नजरिया परिबर्तन गरी समाज परिवर्तनको माध्यमका रुपमा पनि लिनु जरुरी छ । सिनेपर्यटनको अवधारणामाथि घनिभूत छलफल गरी मुलुकले अधिकतम लाभ लिनसक्ने वातावरण सृजना गर्न सरकारी निकाय, कलाकार, संचारकर्मी, सम्बद्ध निकाय सबै एकमत हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ९ गते बुधबार २१ फेब्रुअरी २०२४ । द्वादशी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:५८ । विश्व मातृभाषा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन चञ्चल हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मान-सम्मान बढ्नेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : धन लाभ हुनेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : नबोली बस्दा राम्रो हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : मन प्रसन्न रहनेछ | **मीन** | : नचिताएको काम सम्पन्न हुनेछ |

# हिउँदे अधिवेशन र विद्यालय शिक्षा विधेयकसँग जोडिएका सवाल



✍ **सुरज साउद**

'विधेयक अधिवेशन' भनेर चिनिने हिउँदे अधिवेशन माघ २२ गते सोमबारदेखि सुरु भएको छ । संविधानले व्यवस्था गरेको मौलिक हक कार्यान्वयन गर्न आवश्यक थुप्रै कानुन बनेका छैनन् । शिक्षा विधेयक लगायत केही विधेयकहरु चालु अधिवेशनको 'बिजनेस' बन्ने पर्खाइमा छन् । माघ २२ गते सोमबार प्रतिनिधि सभाको पहिलो बैठकपछि सञ्चारकर्मीहरुलाई संघीय संसद भवन नयाँबानेश्वरमा संक्षिप्त प्रतिक्रिया दिंदै प्रधानमन्त्रीले संसदको चालु अधिवेशन बढीभन्दा बढी विधेयक ल्याउने र पारित गर्ने कुरामा केन्द्रित हुने कुरा बताउनुभएको छ ।

संसद्लाई 'बिजनेस' दिने जिम्मेवारी बोकेका हरेक प्रधानमन्त्रीले हरेक हिउँदे अधिवेशनको सुरुमा सबैभन्दा बढी भन्ने गरेको भनाइ यही हो । तर, यो संविधान लागू भएपछिका ६ वटा हिउँदे अधिवेशन तथा 'कथनी र करनी' का बीचमा ठूलो खाडल भएका हाम्रो नेतृत्व, जे भनिदिए पनि हुने तर भनेको कुरा कहिल्यै पूरा गर्नु नपर्ने संस्कार बोकेका हाम्रो सरकारले के यसपालि संविधानको मौलिक हक कार्यान्वयन गर्न आवश्यक विधेयक ल्याउला ? बढीभन्दा बढी भनेको कति होला ?

बढीभन्दा बढी विधेयकभित्र शिक्षा विधेयक पर्ला कि नपर्ला ? ल्याइहाल्यो भने कस्तो ल्याउला ? के त्यसले संविधानले परिकल्पना गरेको नि:शुल्क तथा अनिवार्य शिक्षा, समावेशीकरण र समाजवाद उन्मुख अर्थतन्त्रलाई सम्बोधन गर्ला ? के त्यस ऐनले संवैधानिक हकलाई कार्यान्वयन गर्ला ? के त्यसले ट्रेड युनियन अधिकार, गुणस्तरीय शिक्षा, यसअघि भएका शिक्षक आन्दोलन र सम्झौतालाई सम्बोधन गर्ला ?

यस्ता थुप्रै अनुत्तरित सवालहरुमध्ये केही महत्वपूर्ण सवालहरूका बारेमा यो आलेख केन्द्रित रहेको छ ।

### "बढीभन्दा बढी" विधेयकभित्र विद्यालय शिक्षा विधेयक पर्ला ?

आजभन्दा आधा शताब्दी अगाडि अर्थात् २०२८ साल भदौ २४ गते लालमोहर लागेको शिक्षा ऐन, २०२८ लाई विस्थापित गर्न २०८० साल भदौ २७ गते प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक दर्ता भयो । समयावधिका हिसाबमा यो ५२ वर्ष ३ दिन हुन आउँछ । राजनीतिक व्यवस्थाकै हिसाबले पनि त्यतिबेला निर्दलीय पञ्चायती व्यवस्था नामको सक्रिय राजतन्त्र थियो । संविधानका हिसाबमा राजा महेन्द्रबाट पञ्चायती व्यवस्थालाई वैधानिकता दिन घोषणा गरिएको नेपालको संविधान, २०१९ थियो । त्यो बेलादेखि यो बेलासम्म आउँदा बागमती, कर्णाली, कोशी र गण्डकी लगायत नेपालका नदीहरुमा पानी मात्रै बगेको छैन ।

राजनीतिक व्यवस्थाकै हिसाबमा २०४६ सालमा पञ्चायती व्यवस्था बग्यो । २०५२ सालदेखि 'जनयुद्ध'को नाममा क्रान्तिकारी रुपान्तरणका लागि हजारौं नेपालीको रगत बग्यो । २०६२/६३ साल वैशाख ११ गते संवैधानिक राजतन्त्र बग्यो । २०६५ जेठ १५ गतेबाट २४७ वर्षे पुरानो राजतन्त्र बग्यो ।

संविधानका हिसाबमा नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान २०६३ गरी तीन थान संविधान बगे । तर, यतिका व्यवस्था र अवस्थामा पनि राजा महेन्द्रले बनाएको शिक्षा ऐन बगेन । नवौं पटक संशोधनको टालो हालेर विद्यालयमा युग सुहाउँदो व्यावसायिक, रोजगारमूलक र गुणस्तरीय शिक्षाको प्रवचन दिइरह्यो र हामीले पत्याइरह्यौं । 'मान्छेको जीउमा बोकाको टाउको जोडिएको पौराणिक पात्र दक्ष प्रजापति जस्तो' पञ्चायती आत्मा बोकेको शिक्षा ऐनलाई समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा समेत मानिरह्यौं ।

मौलिक हकलाई कार्यान्वयन गर्न तीन वर्षभित्र बनाइसक्नुपर्नेमा शिक्षा ऐन संविधान जारी भएको ८ वर्षसम्म पनि बनाएनौं । नयाँ शिक्षा ऐन हाम्रा प्रतिनिधिहरुको प्राथमिकतामा परेन । भन्नुको मतलब विद्यालय शिक्षा प्राथमिकतामा परेन । थुप्रै कानुन बने तर, जनताको आधारभूत अधिकारसँग सरोकार राख्ने, समृद्धि र विकासको प्रमुख आधार मानिने शिक्षा समाजवाद ल्याउन हिंडेका हाम्रा सरकारहरुको प्राथमिकतामा परेन ।

नाम मात्रकै भए पनि संसद्मा विद्यालय शिक्षा विधेयक दर्ता भएको छ । संसद्को शिक्षा, विज्ञान तथा प्रविधि समितिमा छलफल भइरहेको छ । शिक्षकका नेताहरुले दोस्रो जनआन्दोलनको झल्को दिने गरी २०८० असोज ३ गतेदेखि सुरु भएको ऐतिहासिक आन्दोलनलाई रातारात सम्झौतामा टुंग्याउनुको कारण पनि आन्दोलन नियन्त्रणभन्दा बाहिर गएर लामो समयदेखि प्रतीक्षा गरिएको शिक्षा ऐन आउँदैन कि भन्ने डरले हो भनिएको छ ।

प्रधानमन्त्रीले पनि यो अधिवेशनबाट बढीभन्दा बढी विधेयकहरु पारित हुने भन्नुभएको छ । तर पनि प्रधानमन्त्रीले पास गर्ने भनेका बढीभन्दा बढी विधेयकहरुमा विद्यालय शिक्षा विधेयक पर्छ कि पर्दैन ? भन्ने सवाल जीवितै छ । किनभने यो विधेयक 'लोकरिझाइँ' का लागि प्रधानमन्त्रीले गरेको भाषण वा कमजोरी छोप्न शिक्षक नेताहरुले गरेको कुतर्ककै कारणले शिक्षा विधेयक यो अधिवेशनमा संसदको बिजनेस बन्ने सम्भावना देखिँदैन ।

एक त अझै पनि सत्ता स्वार्थमा लिप्त सरकारको प्राथमिकतामा शिक्षा सुधारको कानुन पर्छ भन्ने आधार छैन । दोस्रो, प्रतिनिधि सभाका १५२ जना सांसदहरुले दर्ता गराएका १ हजार ७५७ वटा संशोधनका विषयहरु छलफल गरेर टुङ्गोमा पुऱ्याउनु समितिका लागि फलामको च्यूरा नै हुनेछ । अहिलेसम्म पनि समितिले संशोधन प्रस्ताव दर्ता गर्ने १५२ जना सांसदहरुसँग छलफल सुरु गरेको छैन । यति धेरै सांसदसँग यतिका संशोधन प्रस्तावहरुका बारेमा कुन विधि र प्रक्रियाबाट, कहाँ छलफल गरेर टुङ्गोमा पुऱ्याउने भन्ने विषयमा समिति आफैंमा प्रष्ट भइसकेको अवस्था देखिँदैन ।

जस्ताको तस्तै संसदमा पठाइदिए मात्रै नत्र समितिले हरेक संशोधन विवरणमा संशोधन प्रस्ताव दर्ता गर्ने हरेक माननीयसँग छलफल गरेर उनीहरुले उठाएका संशोधनका विषयहरु सम्बोधन गर्नुपर्नेछ । सबै विषयमा व्यवस्थित छलफलपछि सहमतिको साझा मस्यौदा छलफलका लागि संसदमा पठाउनुपर्नेछ । जसका लागि अहिलेकै प्रक्रिया र गतिबाट काम अघि बढेमा हिउँदे अधिवेशनको त कुरै छाडौं बर्खे अधिवेशनमा पनि संसद्को बिजनेस बन्ने सम्भावना छैन । तेस्रो, सरकार वा प्रधानमन्त्रीले चाहेर मात्रै यो देशमा कानुन बनेको इतिहास छैन । विभिन्न स्वार्थ समूहको कारणले पनि यदि उनीहरुको स्वार्थ पूरा नहुने देखिएमा यो विधेयक संसद्को बिजनेस बन्ने छैन ।

जस्तो कि संघीय निजामती सेवासँग सम्बन्धित विधेयक दर्ता भएको दुई वर्ष भइसक्दा पनि संसद्को बिजनेस बनेको छैन । यसरी हेर्दा विद्यालय शिक्षा विधेयक यसपालिको हिउँदे अधिवेशनको त कुरै छाडौं बर्खे अधिवेशनमा आएछ भने पनि ठूलो उपलब्धि हुनेछ ।

### मौलिक हक कार्यान्वयनको सवाल

विद्यालय शिक्षा ऐनको आवश्यकता परेको नै संविधानले मौलिक हकमा व्यवस्था गरेको शिक्षा सम्बन्धी हकको कार्यान्वयनका लागि हो । संविधानको धारा ३१ मा रहेको शिक्षा सम्बन्धी हकमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा विद्यालय तहसम्मको शिक्षा नि:शुल्क पाउने हक' हुने प्रावधान राखिएको छ । संविधानको यो प्रावधानले माध्यमिक शिक्षासम्मको दायित्व प्रष्ट रुपमा राज्यको हुने भनेको छ ।

विद्यालय शिक्षा भनेको कक्षा १२ सम्मको शिक्षा हो । अब बन्ने शिक्षा ऐनले प्रत्येक नागरिकले कक्षा १२ सम्मको शिक्षा एक रुपैयाँ पनि नतिरेर नि:शुल्क पाउने कुराको सुनिश्चितता गर्नुपर्छ । त्यसो गर्न नसकेमा यो ऐनको औचित्य हुनेछैन । माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न शुल्कका नाममा एक रुपैयाँ मात्रै नागरिकबाट लिनु परेमा त्यस्तो व्यवस्था संविधानसँग बाझिनेछ ।

शिक्षा आफैंमा नि:शुल्क हुँदै हुँदैन कसै न कसैले त लगानी गर्नै पर्छ । संविधानले विद्यालय तहको शिक्षामा निजी क्षेत्रको लगानीको परिकल्पना गरेको छैन । त्यसो हो भने सरकारले विद्यालय तहसम्मको शिक्षाको सम्पूर्ण दायित्व वहन गर्ने स्रोत के हो ? अहिलेसम्म कम्पनी ऐन अन्तर्गत दर्ता भएर सञ्चालनमा रहेका निजी विद्यालयहरुको लगानी के हुन्छ ? सामुदायिक विद्यालयलाई आवश्यक स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्न नसकिरहेको राज्यले निजी क्षेत्रबाट सञ्चालित विद्यालयका लाखौं विद्यार्थी, लाखौं जनशक्ति र ठूलो लगानीको जिम्मा लिन सक्छ ?

अब आउने विद्यालय शिक्षा ऐनले सम्बोधन गर्नै पर्ने पहिलो सवाल यही हो । तर, छलफलमा रहेको विद्यालय शिक्षा विधेयकमा संविधानको यो व्यवस्था पूरै बेवास्ता गरिएको छ । विधेयकमा नभएको कुरा केवल संशोधन मार्फत ऐनमा आउला त ?

### गुणस्तरीय शिक्षाको सवाल

अब आउने ऐनले सम्बोधन गर्नै पर्ने भनेको गुणस्तरीय शिक्षाको सवाल हो । नेपालमा भएको साधन-स्रोत उपयोग नभएर पूरै खेर गइरहेको छ । विदेश पलायन हुने युवाहरूको संख्या एक करोडको हाराहारीमा पुगेको बताइन्छ । यो संख्या दिनहुँ तीव्र गतिले बढिरहेको छ । यो लाममा नपढेका भन्दा पढेकाहरुको संख्या बढी छ । यही अवस्था कायम रहेमा केही वर्षभित्रै नेपाल वृद्धाश्रम र बाल-आश्रम बन्ने निश्चित छ ।

यसो हुनुमा हाम्रो शिक्षा प्रणाली जिम्मेवार छ कि छैन ? हामीले प्राप्त गरिरहेको शिक्षा गुणस्तरीय हो कि होइन ? नेपालका वर्तमान सन्दर्भमा गुणस्तरीय शिक्षाका मापदण्डहरु के के हुन् ? त्यो गुणस्तरीय शिक्षाका लागि आवश्यक पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, मूल्यांकन प्रणाली के हुन सक्छन् ? यी सबै कुराको छिनोफानो अब बन्ने शिक्षा ऐनले गर्नुपर्छ ।

तर, विधेयकले त्यो तहको ल्याकत राखेको देखिँदैन । गुणस्तरीय शिक्षाको सवालमा यो विधेयकको दायरा शिक्षा ऐन २०२८ को प्रतिलिपि भन्दा बढी देखिँदैन । विधेयक जग हो भने ऐन घर । यति साँघुरो जगमा कति फर ाकिलो घर बन्ला ? विधेयकमा भएको व्यवस्था भन्दा बढी ऐनमा आउला त ?

### विद्यालय शिक्षामा कार्यरत जनशक्ति व्यवस्थापनको सवाल

विद्यालयमा काम गर्ने जनशक्ति र सरकारको अन्य सेवामा कार्यरत जनशक्ति बीचको पक्षपात त छँदैछ । विद्यालय शिक्षामै कार्यरत जनशक्तिका बीचमा पनि ठूलो समस्या छ । सामुदायिक विद्यालयमा मात्रै ५० हजारको हाराहारीमा जनशक्तिको अभाव भएको सरकार कै अध्ययनले देखाएको छ । कार्यरत जनशक्तिमा १७ थरी शिक्षक तथा कर्मचारीहरु छन् । सबैथरी शिक्षक तथा कर्मचारीका बेग्ला-बेग्लै समस्या छन् । स्थायी, अस्थायी, राहत, बाल विकास, उमावि, करार लगायत सबै शिक्षकका समस्या आ-आफ्नै छन् । कतिपय सन्दर्भमा त एकथरी शिक्षकका माग पूरा गर्दा अर्कोथरी शिक्षकलाई अन्याय हुन्छ ।

सबै थरीका शिक्षक तथा कर्मचारीहरुको बीचमा सेवा, सुविधा, पेशागत सुरक्षा लगायत तमाम विषयमा ठूलो भिन्नता छ । निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका समस्या छुट्टै छन् । अब आउने विद्यालय शिक्षा ऐनले विद्यालय तहमा एकै प्रकारको जनशक्तिको व्यवस्थापन गर्न सक्नुपर्छ । विद्यालय तहमा आवश्यक दरबन्दीको सिर्जना गर्न सक्नुपर्छ ।

सरकारका अन्य सेवामा कार्यरत कर्मचारीहरुसँग भएको विभेद हटाउन सक्नुपर्छ । त्यति मात्रै होइन निजी विद्यालयमा कार्यरत लाखौंको संख्यामा रहेको जनशक्तिलाई समेत यो ऐनले सम्बोधन गर्न सक्नुपर्छ । त्यसो भयो भने मात्रै ऐनले सार्थकता पाउनेछ । तर, विधेयकको व्यवस्था, राज्यको सोच, शैली र दृष्टिकोण अध्ययन गर्दा जनशक्ति व्यवस्थापनको त्यो तहका आधार हरु भेटिन्छन् त ?

### संघीय संरचनाका तीन तहमा विद्यालय शिक्षा अधिकारको सवाल

नेपालको संविधानले समग्र शिक्षालाई तीन तहमा विभाजन गरेको छ । अनुसूची ५ मा रहेको संघको एकल अधिकार सूचीमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय राखेको छ । अनुसूची ६ मा रहेको प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालयको अधिकार प्रदेश तहको एकल अधिकार भनेर राखेको छ भने, अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूचीमा आधार भूत र माध्यमिक शिक्षालाई राखेको छ । अनुसूची ९ मा तीनै तहले प्रयोग गर्न पाउने साझा अधिकार सूचीको क्रमसंख्या २ मा शिक्षा, खेलकुद र पत्रपत्रिका समावेश गरेको छ ।

संघीय तहको अधिकारका सबै विषय अब बन्ने ऐनले स्पष्ट पार्नुपर्छ । विधेयक हेर्दा यो विषयमा पर्याप्त अलमलमा मात्रै होइन शिक्षकको हकमा पूर्वाग्रही पनि देखिन्छ । जस्तो विधेयकले 'वर्तमान संवैधानिक प्रावधान अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको र नयाँ कानुन बनाएर मात्र उक्त संवैधानिक व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने' कुरा प्रस्तावनामै राखेको छ र शिक्षकलाई नियन्त्रण गर्ने, सरुवा, अवकाश जस्ता विषय स्थानीय तहकै अधिकारमा राखेको देखिन्छ ।

तर सँगसँगै पूरै अधिकार संघमै भएको जस्तो गरी पूरै ऐन संघले नै बनाउन खोज्छ । जसको विरोधमा गाउँपालिका र नगरपालिका महासंघले विद्यालय तहको शिक्षासँग सम्बन्धित ऐन आफ्नो भएको दावी मान्नुपर्छ । त्यसो हो भने संघीय तहले मापदण्ड मात्रै बनाउने र यस्तो प्रकारको ऐन त स्थानीय तहले नै बनाउने होला । अनि सबै जिल्लामा जिल्ला शिक्षा कार्यालय ब्युँताएर अनावश्यक बोझ किन थप्नु पऱ्यो ? ऐन बनाउनुभन्दा पहिला अधिकार प्रयोगको यो विषयमा विधेयक प्रष्ट हुनुपर्छ । तर, विधेयकमा अधिकारका बारेमा यो तहको स्पष्टता देखिँदैन ।

### शिक्षक आन्दोलन र सम्झौता पालनाको सवाल

२०७२ सालपछि शिक्षक तथा कर्मचारीहरुको साझा संस्था शिक्षक युनियन र शिक्षक महासंघको नेतृत्वमा पेशागत हकहित तथा शिक्षाको सुधारका लागि पटक-पटक आन्दोलन गरेको छ । तीमध्ये २०७५ साल फागुन ९ गते शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघ बीच ३१ बुँदे सहमति भयो । त्यसपछि २०७८ साल फागुन ९ गते शिक्षक महासंघसँग ५१ बुँदे सहमति भएको छ ।

पछिल्लो पटक २०८० साल असोजमा भएको ऐतिहासिक आन्दोलनका बेला असोज ५ र १२ गते भएका सम्झौताहरु महत्वपूर्ण छन् । मस्यौदा निर्माणको क्रममा पक्षीकरणको माध्यमबाट आफ्ना माग मुद्दाहरु विधेयकमा समावेश हुन्छन् भन्ने विश्वास गरेर आम शिक्षकको आन्दोलनको मागलाई बेवास्ता गरिरहेको नेतृत्व त्यतिबेला झस्कियो जतिबेला सरकारले शिक्षकले उठाएका कुनै पनि माग-मुद्दाहरु समावेश नगरेर विधेयक संसद्मा दर्ता भयो । त्यसपछि असोज ३ गतेबाट अस्थायी प्रकृतिका शिक्षकहरुको स्थायित्व, विद्यालय कर्मचारीको विषय, बालकक्षा शिक्षकको सवाल, शिक्षक बढुवा, ग्रेड र तलब विभेद मिलान, विद्यालय प्रधानाध्यापक नियुक्ति लगायत १८ बुँदे माग राखेर काठमाडौंकेन्द्रित सडक आन्दोलनमा ओर्लियो ।

शिक्षक तथा कर्मचारीको अभूतपूर्व सहभागिता रहेको त्यो आन्दोलनलाई रोक्न सरकारले असोज ५ गते ७ बुदे सम्झौता गऱ्यो । यो सहमतिप्रति असहमति जनाउँदै आन्दोलनलाई निरन्तरता दिएको राहत तथा विद्यालय कर्मचारीसँग सरकारले फेरि १२ गते ५ बुँदामा अर्को सम्झौता गरेको छ । के अब बन्ने ऐनले शिक्षकसँग अहिलेसम्म सम्झौता मार्फत सरकारले गरेका प्रतिबद्धताहरुलाई सम्बोधन गर्न सक्छ त ? सम्झौता गर्ने तर पूरा नगर्ने प्रवृत्तिलाई निरन्तरता दिएर ऐनले सम्झौतामा भएका कुराहरु समेट्न सकेन भने असोज ५ गते भएको सम्झौताप्रति तीव्र असन्तुष्टि जनाएर नेतृत्वले गरिरहेको 'पक्षीकरणलाई द्यौसीभैलो' को संज्ञा दिइरहेको शिक्षक तथा कर्मचारीलाई फेरि नयाँ शिराबाट आन्दोलित पार्नेछ । यतिका वर्षपछि आएको शिक्षा ऐन पारित भएकै दिनबाट शिक्षक आन्दोलनको चपेटामा पर्नेछ । त्यो आन्दोलन अहिलेसम्म भएका सबै शिक्षक आन्दोलनभन्दा सरकारका लागि महँगो पर्नेछ ।

### आवश्यकता संशोधन कि पुन:लेखन ?

हामी लोकतान्त्रिक मात्रै होइन, समावेशी, संघीय लोकतान्त्रिक व्यवस्थामा छौं । लोकतन्त्र भनेको विधि र उद्देश्य दुवै हो । यसको अर्थ सही विधिको माध्यमबाट जनपक्षीय उपलब्धि हासिल गर्ने व्यवस्था हो । लोकतन्त्रमा कुनै पनि गतिविधिको समर्थन वा विरोध पनि सहभागितामूलक वा लोकतान्त्रिक विधि अपनाएको छ कि छैन र त्यसबाट आम जनताको हित भयो कि भएन वा हुन्छ कि हुँदैन भनेर गरिनुपर्छ ।

संघीय संसद् सचिवालयमा दर्ता भएर शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिमा छलफलमा रहेको 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' लाई पनि लोकतान्त्रिक विधि र त्यसमा निहित उद्देश्यका आधारमा मूल्याङ्कन गरिनुपर्छ ।

विधेयक निर्माणको प्रक्रियालाई हेर्दा 'समावेशी लोकतन्त्रमा अपनाइएको असमावेशी र अलोकतान्त्रिक प्रक्रिया' का रूपमा व्याख्या गर्न सकिन्छ । लोकतन्त्रमा निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता आधारभूत शर्त हो । सरोकारवालाको सक्रिय सहभागिता विना स्वेच्छाचारी तरिकाले गरिएको काम प्रति न अपनत्व हुन्छ, न मान्नुपर्छ भन्ने जरुरी हुन्छ ।

श्री ३ पद्मशमशेरले गोजीबाट नेपाल सरकार वैधानिक कानुन २००४ पढे जस्तो वा सरकारलाई मन परेका केही विज्ञहरुले तयार पारेका अन्तरिम शासन विधान २००७ राजा त्रिभुवनले घोषणा गरेको जस्तो अनि राजा महेन्द्रले आफ्नो निर्दलीयतालाई लागू गर्न घोषणा गरेको नेपालको संविधान २०१९ जस्तै यो विधेयक निर्माणको प्रक्रियामा सरोकारवालाहरुसँग न छलफल गरियो, न बहस गरियो, न सहभागी गराइयो । समाजवाद उन्मुख व्यवस्था र नि:शुल्क तथा अनिवार्य शिक्षाको मर्म, भावना अनुरुप सबै सरोकारवालाहरुसँग एक पटक होइन पटक-पटक छलफल गरेर, उनीहरुकै सक्रिय सहभागितामा मस्यौदा तयार गर्नुपर्नेमा स्वेच्छाचारी र अलोकतान्त्रिक प्रक्रियाबाट तयार भएको मस्यौदाबाट न गतिलो ऐन आउँछ न सरोकारवालाहरुले अपनत्व महसुस गर्नेछन् । लोकतन्त्रमा कहिलेकाहीं अर्थात् दुर्लभ सवालमा प्रक्रिया अलोकतान्त्रिक भए पनि नियत वा उद्देश्य सही छ भने स्वीकार्न सकिने मान्यता पनि छ ।

यो विधेयकले समावेश गरेका कुनै पनि विषय नेपालको सार्वजनिक शिक्षाको सुधार र शिक्षक तथा कर्मचारीको पेशागत हकहितको पक्षमा छैनन् भन्ने कुरा एकपटक मस्यौदा पढ्ने वित्तिकै कुनै पनि व्यक्तिले यो विधेयकको मनसाय सजिलै बुझ्न सक्छ । सरकार कुन वर्गको पक्षपोषण गर्न चाहन्छ ? शिक्षक र सार्वजनिक शिक्षालाई हेर्ने दृष्टिकोण के हो ? उत्कृष्ट जनशक्तिलाई शिक्षण पेशाबाट कसरी विकर्षण गर्न सकिन्छ ? युवा जनशक्तिलाई कसरी विदेश पलायन गर्न सकिन्छ ? नेपालको संविधान, शिक्षा नीति २०७६ का उद्देश्यलाई कसरी ध्वस्त पार्न सकिन्छ ? भन्ने विषयमा मस्यौदाकारको ध्यान केन्द्रित भएको देखिन्छ । सरोकारवालाहरुले अपनत्व महसुस गर्न नसक्ने, 'प्रोसेस र स्पिरिट' दुवै लोकतान्त्रिक नभएको ऐन अहिलेको आवश्यकता होइन । त्यसैले यो विधेयक पुन:लेखन हुनुपर्छ भन्ने अभिमत सशक्त रूपमा उठेको छ ।

**निष्कर्ष**: विधेयक निर्माणको प्रक्रियामा समावेशी लोकतन्त्रको मान्यतालाई बेवास्ता गरिएकोले सबै सरोकारवालाहरुले अपनत्व महसुस गर्ने सम्भावना न्यून छ । विद्यालय शिक्षा सम्बन्धी संवैधानिक व्यवस्थाको मनोमानी व्याख्या गरिएको छ । विद्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहको हो भन्ने कुरा मानेको भए संघले किन ऐन बनाउन खोजेको त ? जिल्ला शिक्षा कार्यालय ब्युँताउन खोज्नुको कारण के हो ?

यो विधेयक जस्ताको जस्तै पारित भएको खण्डमा एउटा वडाअध्यक्षले आफूलाई भोट नहालेको निहुँमा शिक्षकलाई जागिरबाट हटाउन सक्छ । आस्थाका आधारमा पेशाबाट हात धुनुपर्ने अवस्था आउन सक्छ । किनकि, आस्था र विचार नभएको कुनै पनि नागरिक हुनसक्दैन । स्थानीय तहमा हरेकको आस्था हरेकलाई थाहा हुन्छ । नेपालको फौजदारी संहिताले नै बहुविवाहलाई अपराधको रूपमा परिभाषित गर्दै सजायको व्यवस्था गरिसकेको अवस्थामा विधेयकको दफा ७९ मा शिक्षकले बहुविवाह गर्न नहुने प्रावधान राखेको छ ।

*(साभार: अनलाइनखबर)*

# रेशम चौधरीबारे छलफलमा निर्वाचन आयोग



काठमाडौं/रेशम चौधरी राजनीतिक दलको सदस्य हुन योग्य रहेको वा नरहेको भन्ने विषय निर्वाचन आयोगमा पुगेको छ । अदालतबाट हत्या मुद्दामा दोषी ठहर भई कैद भुक्तान गरिरहेका बेला रेशम चौधरीले गत जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा राष्ट्रपतिबाट माफी पाएका थिए ।

हत्या मुद्दामा दोषी ठहर व्यक्ति राजनीतिक दलको सदस्य वा पदाधिकारी रहन नमिल्ने कानुनी व्यवस्था छ । तर राष्ट्रपतिबाट माफी पाएका व्यक्तिको हकमा कानुनी हैसियत के हुन्छ भन्ने विषयमा सार्वजनिक रुपमा समेत चासो प्रकट भइरहेका बेला आयोग यही विषय माथिको छलफलमा जुटेको हो ।

जेलबाट छुटेपछि राजनीतिक सक्रियता बढाएका चौधरीले आफ्नै सक्रियतामा खुलेको नागरिक उन्मक्ति पार्टी (नाउपा) को २७ पुसमा कैलालीमा महाधिवेशन गरेर आफैं अध्यक्ष निर्वाचित भए । महाधिवेशनबाट अध्यक्षमा चौधरी सहितका पदाधिकारी चयन भए अनुसार दलको अभिलेख अद्यावधिक गरिदिनका लागि नाउपाले गत २९ माघमा निर्वाचन आयोगमा निवेदन दिएको छ ।

चौधरी नाउपाको अध्यक्ष भएको औपचारिक जानकारी पाएपछि आयोगका अधिकारीहरुले अनौपचारिक रुपमा सरकारसँग सुझाव लिएका छन् । उक्त दलको अभिलेख अद्यावधिक गर्नुअघि सरकारको बुझाइ मागिएको हो ।

आयोगमा रेशम चौधरी विरुद्ध दुई वटा उजुरी पनि परेको छ । उजुरीमा 'हत्या अभियोगमा अदालतबाट दोषी ठहर भएको व्यक्ति कुनै पनि राजनीतिक दलको सदस्य वा पदाधिकारी बन्न नपाउने' जिकिर गरिएको छ । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले चौधरीको कानुनी हैसियतमाथि प्रश्न उठाउँदै आयोगमा उजुरी परेको पुष्टि गरे ।

निर्वाचन आयोगका पदाधिकारीहरुका अनुसार दलको अखिलेख अद्यावधिक गर्नु अगाडि प्राप्त उजुरीहरुको अध्ययन हुनेछ । आयोगमा हाल १२० वटा दल दर्ता छन् । ती दलका पदाधिकारीहरुले आयोगमा दल दर्ता वा अद्यावधिकका लागि निवेदन दिँदा आफू योग्य रहेको स्वघोषणा गर्छन् । त्यस आधारमा आयोगले दल दर्ता वा विवरण अद्यावधिक गर्ने गर्दछ । तर, उजुरी परेको अवस्थामा आयोगले छानबिन गर्ने गरेको छ ।

चौधरीका बारेमा उजुरीका साथसाथै सार्वजनिक मञ्चमा समेत प्रश्न उठिरहेका कारण उनलाई नाउपाको अध्यक्षका रुपमा अद्यावधिक गर्नुअघि आयोगले जाँचबुझ गर्ने भएको हो । आयोगका आयुक्त सगुन शम्सेर जबरा भन्छन्, 'नाउपाको अखिलेख अद्यावधिकका लागि आएको निवेदनउपर आयोग छलफलमा छ ।'

राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा १४ मा राजनीतिक दलको सदस्य हुने योग्यता सम्बन्धी व्यवस्था छ । जसअनुसार कुनै पनि राजनीतिक दलको सदस्य नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको हुनुपर्छ ।

रेशम चौधरीको हकमा यो व्यवस्था आकर्षित हुने वा नहुनेबारे अब निर्वाचन आयोगले व्याख्या गर्नेछ । पदाधिकारी हेरफेरको सम्बन्धमा आयोगले जाँचबुझ गर्न सक्ने व्यवस्था राजनीतिक दल सम्बन्धी नियमावलीको नियम २५ मा छ ।

''आयोगले त्यस्तो परिवर्तन, संशोधन वा हेरफेर संविधान, ऐन, यस नियमावली तथा दलको विधान बमोजिम भए नभएको र सो सम्बन्धमा आधिकारिक निर्णय भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ', नियमावलीको नियम २५ (२) मा भनिएको छ ।

जाँचबुझ गर्दा परिवर्तन, संशोधन वा पदाधिकारीको हेरफेर गर्न नमिल्ने निष्कर्षमा आयोग पुगेको खण्डमा नाउपाको अखिलेख अद्यावधिक हुने छैन । यस्तो अवस्थामा आयोगले अखिलेख अद्यावधिक हुन नसक्ने कारण खुलाई सुधारसहितको विवरण पेश गर्न थप सात दिनको समय दिनुपर्ने हुन्छ ।

पुन: प्राप्त विवरणमा आयोग त्यसमा सन्तुष्ट भए अभिलेख अद्यावधिक हुन्छ । आयोग सन्तुष्ट नभए त्यस्तो दलको अभिलेख अद्यावधिक हुँदैन र पदाधिकारी हेरफेर वा अन्य प्रकारको हेरफेर र संशोधनले मान्यता पाउँदैन ।

तर, रेशम चौधरी आफू र आफ्नो पार्टीको सन्दर्भमा कुनै कानुनी प्रश्न नरहेको बताउँछन् । 'मेरो राजनीतिक दलको सम्बन्धमा कुनै कानुनी अड्चन छैन' उनी थप्छन्, 'कानुनको किताब पल्टाउँदा नैतिक पतन हुनेमा म विरुद्धको मुद्दा पर्दैन ।' आफू विरुद्ध निर्वाचन आयोगमा परेको उजुरीकै कानुनी हौसियत नपुग्ने चौधरीको जिकिर छ । उनी प्रश्न गर्छन्, 'हाम्रो दलको अभिलेख अद्यावधिकका लागि निवेदन नपुग्दै आयोगमा उजुरी परेको रहेछ । त्यस्तो उजुरी कसरी स्वीकार्ने ?'

चौधरी जेलमै रहेका बेला श्रेष्ठको पहलमा नाउपा आयोगमा दर्ता भएको थियो । ३ फागुन २०७८ मा निर्वाचन आयोगमा दर्ता हुँदा पार्टी अध्यक्षमा रञ्जिता श्रेष्ठ थिइन् । महधिवेशनले चौधरीलाई अध्यक्ष चयन गरेपछि संस्थापक अध्यक्ष श्रेष्ठ सहअध्यक्षमा मनोनित भएकी छन् । चौधरी र श्रेष्ठ श्रीमान् श्रीमती हुन् ।

नाउपाले ४ मंसिरमा सम्पन्न प्रदेश सभा र प्रतिनिधि सभाको चुनाव लडेको थियो । उक्त चुनावपछि नाउपा ४ सिट सहित संघीय संसदमा छ । नाउपाकी रञ्जिता श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री छन् ।

नाउपाका मधेश प्रदेशमा एक, लुम्बिनी प्रदेशमा चार र सुदूर पश्चिम प्रदेशमा सात जना प्रदेश सभा सदस्य छन् । रेशम चौधरी आफैं पनि प्रतिनिधि सभा सदस्यका उम्मेदवार थिए । तर, हत्या अभियोगमा जेल बसिरहेको व्यक्ति भन्दै निर्वाचन आयोगले उनको उम्मेदवारी खारेज गरिदियो । रेशम चौधरी उम्मेदवार रहेको क्षेत्रमा उनकै बुबा लालवीर चौधरी स्वतन्त्र उम्मेदवार थिए । लालवीर चुनाव जितेर प्रतिनिधि सभामा छन् र उनले नागरिक उन्मुक्ति पार्टी रोजिसकेका छन् ।

२०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा भने रेशम चौधरी कैलाली कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए । जेलमा रहेका कारण उनले अन्य सांसदहरुसँगै शपथ लिन पाएनन् । तर, पछि निर्वाचन सम्पन्न भएको १३ महिना पछि चौधरीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए ।

तत्कालीन सभामुख कृष्णबहादुर महराले चौधरीलाई १९ पुस २०७५ मा सिंहदरबारमा पद तथा गोपनीयताको शपथ खुवाएका थिए । त्यसबेला डिल्लीबजारस्थित सदर खोरमा थुनामा रहेका चौधरीलाई सिंहदरबार ल्याएर शपथ गराई, सांसदको लोगोसहित पुन: कारागार पठाइएको थियो ।

८ वर्ष जेल बसिसकेका चौधरीलाई गत जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा राष्ट्रपतिले माफी दिएपछि जेलमुक्त भएका हुन् । जेलमुक्त भएपछि रेशम चौधरी राजनीतिमा सक्रिय भएका हुन् । *(स्रोत: अनलाइनखबर)*

# दयाहाङ र आँचल स्टारर 'डिग्री माइला' टिजर रिलिज



काठमाडौं/रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला'को टिजर सार्वजनिक गरिएको छ । साढे ३ मिनेट लम्बाईको टिजरलाई तीन खण्डमा बाँडिएको छ । पहिलो खण्डमा डिग्री पास गरेका दयाहाङ राईसँग स्थानीय शिक्षकहरुले गरेको प्रश्नोत्तरलाई कमेडी शैलीमा प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा गीतको सानो अंश छ, जहाँ अभिनेत्री आँचल शर्मासँग दयाहाङ रोमान्टिक अवतारमा चित्रित छन् ।

टिजरको तेस्रो खण्ड अर्थात् क्लाइमेक्समा बाउ-छोरा बीचको गन्थनमन्थन छ । उक्त दृश्यमा दयाहाङले आफूलाई चौधरी ग्रुपबाट ४ लाख पारिश्रमिकसहित जागिरको प्रस्ताव आउँदा पनि काम नगरेको तथ्य बाबु माओत्से गुरुङलाई सुनाएका छन्, जुन निकै रोचक छ । टिजरले फिल्मको कथा गाउँमा केन्द्रित रहेको बुझाउँछ । यो फिल्म २०८१ को नयाँ वर्ष अर्थात् बैशाख १ गते प्रदर्शन हुनेछ ।

फिल्ममा प्रकाश घिमिरे, विजय बराल, बुद्धि तामाङ, कमलमणी नेपाल, सोमनाथ खनाल, लोकेन्द्र लेखक, अनिल सुब्बा, पशुपति राई, हिउँवाला गौतम, शेखर चापागाईं लगायतको पनि अभिनय छ । विशाल गुरुङ, मणिराम पोखरेल, मधु मिराज र सुष्मा गुरुङ निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा सिमोन कृष्ण छन् । फिल्मलाई शिवराम श्रेष्ठ र रिले एच. शेनले छायांकन गरेका हुन् ।

नाटकमा आधारित भएर बनेको फिल्म हो, 'डिग्री माइला' । २०६९ र २०७१ सालमा गरी दुईपटक मण्डला थिएटरमा 'डिग्री माइला' नाटक मञ्चन भएको थियो । अत्यन्त सफल मानिएको यो नाटकलाई दयाहाङ राईले निर्देशन गरेका थिए भने सायद अशोकको लेखन थियो । नाटकले शैक्षिक बेरोजगारीले युवाहरुमा ल्याएको चरम निराशालाई उठाएको थियो । फिल्मको कथा पनि यही हो ।

# बर्लिन फेस्टिभलमा छानिएको मीनको 'शाम्बाला' ट्रेलर रिलिज



काठमाडौं/'कालो पोथी' निर्देशक मीन बहादुर भामको दोस्रो फिचर फिल्म 'शाम्बाला' यही शुक्रबार विश्वकै प्रख्यात बर्लिन फिल्म फेस्टिभलमा प्रिमियर हुँदैछ । यसका लागि निर्देशक भामसहितको टिम बर्लिन पुगेको छ । फिल्म प्रिमियरको पूर्वसन्ध्यामा अंग्रेजी सबटाइटलमा ट्रेलर सार्वजनिक गरिएको छ । २ मिनेट हाराहारीको ट्रेलरमा बहुपति प्रथासँग जोडेर पेमा पात्रको माध्यमबाट कथा भनिएको छ ।

पेमा (थिन्ले ल्हामो)को एउटै घरका तीन दाजु-भाईसँग विवाह हुन्छ । र, उनीहरुमध्ये एक श्रीमान् व्यापारका लागि ल्हासा जान्छन् तर फर्किंदैनन् । यसपछि उसको खोजीमा गर्भवती पेमाले गर्ने यात्रालाई ट्रेलरमा देखाइएको छ । ट्रेलरमा टिबेटियन भाषाको बढी प्रयोग छ । नेपाली भाषा एक दृश्यमा मात्र सुन्न पाइन्छ । कार्म, सोनम तोप्देन लगायतका कलाकारहरु पनि ट्रेलरमा अटेका छन् ।

'शाम्बाला'को ट्रेलर बर्लिन फिल्म फेस्टिभलका लागि तयार पारिएको हो । बर्लिनको प्रमुख प्रतिस्पर्धा अर्थात् अन्तर्राष्ट्रिय विधातर्फ यो फिल्म छानिएको छ, जसमा विश्वका अरु १९ वटा फिल्म प्रतिस्पर्धामा छन् । बर्लिनको यो विधामा छनोट हुने 'शाम्बाला' पहिलो नेपाली फिचर फिल्म हो । १४ करोडको बजेटमा निर्माण भएको फिल्मले निर्माणअघि थुप्रै अन्तर्राष्ट्रिय 'फन्ड' जितिसकेको थियो ।

निर्देशक भाम र 'लोरी' निर्देशक अविनाश विक्रम शाहको संयुक्त लेखन रहेको फिल्म डोल्पाको ४२ सयदेखि ६ हजारको उचाईमा खिचिएको हो । नेपालसँगै फ्रान्स, नर्वे, हङकङ, टर्की, ताइवान, अमेरिका र कतारसँगको सहकार्यमा निर्माण भएको फिल्मको पहिला 'चिसो वर्ष' शीर्षक थियो । ६ वर्षमा ४४ वटा ड्राफ्ट लेखिसकेपछि निर्देशक भामले फिल्मको नाम 'शाम्बाला' राखेका हुन् ।

# 'गोर्खा वारियर'को दोस्रो ट्रेलरमा गोर्खा सैनिक र परिवारको कथा



काठमाडौं/'जंगल वार'मा आधारित पहिलो नेपाली फिल्म 'गोर्खा वारियर'को दोस्रो ट्रेलर सार्वजनिक गरिएको छ । २ मिनेट लम्बाईको ट्रेलरमा गोर्खा सैनिकले युद्धमा देखाएको बहादुरी, लडाईंको क्रममा भोग्नुपर्ने दु:ख, सैनिकको पारिवारिक अवस्था, ७०/८० वर्ष अगाडिको नेपाली सामाजलाई प्रस्तुत गरिएको छ । ट्रेलरमा प्रेम र कमेडी पनि मिश्रित छ । समग्रमा फिल्मको दोस्रो ट्रेलर सशक्त देखिन्छ ।

सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा नेपाली गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर निर्माण भएको फिल्मका निर्देशक मिलन चाम्स हुन् । यही फागुन ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा विजय लामा, रितेश चाम्स, रियर राई, रेविका गुरुङ, शिशिर वाङ्देल, कविता आले, सुरज तमु, विरुप गोले, त्रिचु राई, दिग्गज खत्री लगायतको मुख्य भूमिका छ ।

निर्देशक चाम्स र गिरीराज घिमिरेको संयुक्त लेखन रहेको फिल्मको निर्मातामा सुमन राई र सुस्मिता वाइवा छन् भने प्रशान्त थापा र राजेन्द्र घिमिरे कार्यकारी निर्माता हुन् । सुरेश राई सह-निर्मातामा छन् । फिल्ममा सुदीप बरालको छायांकन, हिमाल केसीको द्वन्द्व निर्देशन र मिलन श्रेष्ठको सम्पादन छ । गत भदौमा लण्डनस्थित 'आइम्याक्स सिनेवर्ल्ड'मा फिल्मको प्रिमियर गरिएको थियो ।

# खराब फिल्डिङले गुमेको एसिया कप अवसर



काठमाडौं/पुरुष टोली होस् वा महिला । एसिया कप खेल्न पाउनु नेपाल जस्ता एसोसिएट टोलीका लागि एउटा ठूलो अवसर हो । गत वर्ष पहिलो पटक एसिया कप खेलेको पुरुष टोलीले विश्व क्रिकेटका दुई पावर हाउस भारत र पाकिस्तानसँग खेल्ने अवसर पाएको थियो । यस पटक नेपाली महिला टोलीलाई भारत, पाकिस्तानसँगै बंगलादेश र श्रीलंकासँग खेल्ने गोल्डेन चान्स थियो ।

पछिल्लो समय एकपछि अर्को खराब प्रदर्शन गरेको महिला टोली यसपटक एसीसी वुमन्स प्रिमियर कपमा राम्रो प्रर्दशन गरेका थिए । हङकङ र भुटानलाई ८-८ विकेट तथा माल्दिभ्सलाई २१४ रनले हराउँदै नेपाल समूह डी बाट समूह विजेताको रुपमा क्वाटर फाइनलमा पुग्यो । क्वाटर फाइनलमा कुवेतलाई हराएपछि नेपाल सेमिफाइनलमा मलेसियासँग परेको थियो ।

तुलनात्मक रुपमा थाइल्यान्ड र युएई भन्दा मलेसिया सहज टोली थियो । मलेसियालाई हराउँदै २०१६ पछि एसिया कप खेल्ने महिला टोलीलाई राम्रो अवसर थियो । सेमिफाइनल अघि नेपाल र मलेसियाबीच महिला टी-२० आईमा कुल १० खेल भएका थिए । जसमा नेपाल ७ खेलमा जित र ३ खेलमा पराजित भएको थियो ।

बायोमास ओभलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै ११५ रन बनाएको थियो । सुरुवात त्यति राम्रो नभए पनि डली भट्ट १४ बलमा २५ र रुविना क्षेत्रीको १८ बलमा २० रनको इनिङले नेपालले प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो । नेपालको बलिङ आक्रामणले सहजै रक्षा गर्ने अनुमान गरिएको थियो ।

तर नेपालको कमजोर फिल्डिङको फाइदा उठाउँदै मलेसियाले १९.५ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । सुरुवात कमजोर रहे पनि एल्सा हन्टरले ६९ रनको अविजित इनिङ खेल्दै मुखमै आएको नेपालको एसिया कप यात्रा खोसेकी थिइन् । कमजोर फिल्डिङ, विकेटकिपर काजोल श्रेष्ठको खराब किपिङ र अन्तिम पाँच ओभरमा बलिङमा राम्रो गर्न नसक्नुनै नेपालको हारका कारण थिए ।

महिला टोलीका खेलाडी सोमबार स्वदेश फर्किए । मुखैबाट गुमाएको एसिया कप गुमाउनुको पीडा उनीहरुले भुल्न सकेका छैनन् । 'मलेसिया जस्तो सहज विपक्षी पाउँदा पनि हामीले जितेनौं भने कहिले जित्ने । यसअघि हामीले सधैं भाग्यले साथ नदिएको भन्थ्यौं । तर यसपटक हामीले आफ्नै हातले खेल गुमाएका हौं,' अनुभवी अलराउन्डर सीता राना मगरले त्रिभुवन विमानस्थलमा पत्रकारसँग भनिन् ।

नेपालले अन्तिम ३ ओभरमा ३० रन दिएको थियो । ओभर थ्रो, क्याच मिस, बाउन्ड्री रोक्न सक्ने सहज बल रोक्न नसक्नु र किपिङमा कमजोर प्रदर्शनले अन्तिम समयमा मोमेन्ट्स गुमेको थियो ।

'हाम्रो त्यो दिनमा अन्तिम ओभरसम्म पनि जित्छौं भन्ने विश्वास थियो, तर अन्तिम ओभरमा लगातार चौका खाएपछि हामीले खेल हारेका हौं । हाम्रो टिममा कम्बिनेसन मिलेकै थिएन । खोइ के भएको त्यो दिन सायद ओभर कन्फिडेन्स् नै होला', सीताले भनिन् ।

टोलीका मुख्य प्रशिक्षक मनोज कटलाल फिल्डिङ र फिटनेस प्रशिक्षणको आवश्यक बताउँछन् । 'मैले क्यानलाई प्रतिवेदन नै पेस गरेको छु, जसमा फिल्डिङ र फिटनेस प्रशिक्षकको आवश्यकताको बारेमा जानकारी गराएको छु ।'

सिनियर टिमका खेलाडीलाई सामान्य कुरा पनि थाहा नहुँदा अन्तर्राष्ट्रिय स्तरमा नेपाली महिला टिम कमजोर देखिएको मनोजले बताए । 'सामान्य बल थ्रो देखिको कुरा सिनियर टिममा सिकाउनु पर्दा थोरै समयको क्याम्पले हुँदैन ।'

प्रिमियर कप खेल्न जानुअघि महिला टोलीले पोखरा रंगशाला विकेटमा प्रशिक्षण गरेको थियो । सेन्टर विकेटमा प्रशिक्षण गर्दा तयारी निकै राम्रो भएको प्रशिक्षक मनोज कटुवालले बताए । 'त्यहाँ प्रशिक्षण राम्रो भएको थियो । जसका कारण हामी जानेबेला हामी उपाधि नै जितेर आउने विश्वास थियो । हामी सेमिफाइनलमा प्रेसर सम्हाल्न नसकेका हौं । साथै हामीले सेमिफाइनलमा ओभर कन्फिडेन्ट भएका हौं', कटवालले भने ।

**सीता र रुविना कै भर**

नेपाली महिला क्रिकेट अझै पनि रुविना र सीताको भरमा छ । सीता २००७ र रुविना २००८ देखि महिला टोलीको प्रमुख सदस्य हुँदै आएका छन् । नेपालको चार मध्य तीन जितमा सीता र एक खेलमा रुविना प्लेयर अफ म्याच चुनिएका थिए । नेपालको हरेक नतिजा यी दुई खेलाडीमा बढी निर्भर हुन्छ ।

'हामीलाई अन्तर्राष्ट्रिय अम्पायरहरुले पनि सीता र रुबिनाले छोडपछि नेपाली महिला क्रिकेट र हँदैन भन्नुहुन्छ । त्यो सुन्दा नराम्रो लाग्छ', सीताले भनिन् । उनले प्रतियोगितामा कुवेतविरुद्ध अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पटक ह्याट्रिक लिइन् । रुबिना क्षेत्रीले नेपाली महिला क्रिकेटमा माल्दिभ्सविरुद्ध पहिलो पटक शतक प्रहार गरिन् । तर टिम हार्दा यी दुई सिनियर यी दुई खेलाडीका उपलब्धि सबै छायाँमा परे । 'शतक बनाए पनि टिमले लक्ष्य प्राप्त नगर्दा खासै महत्व नै लागेको छैन', रुबिनाले निराश हुँदै भनिन् । *(स्रोत: अनलाइनखबर)*

# काठमाडौं महानगरमा फोहोरबाट कम्पोस्ट मल बनाउन सुरू



काठमाडौं/काठमाडौं महानगरपालिकाले संकलित कुहिने फोहोरबाट कम्पोस्ट मल बनाउन सुरू गरेको छ । महानगरका अनुसार २७ नम्बर वडाबाट संकलन गरिएको करिब १४ टन कुहिने फोहोरलाई टेकु ट्रान्सफर स्टेसनमा कम्पोस्टिङ सुरू गरिएको हो ।

फोहोरलाई स्रोतमा वर्गीकरण गर्न थालेपछि जम्मा भएको कुहिने फोहोरबाट कम्पोस्ट मल बनाउन सुरू गरिएको महानगरले बताएको छ । घरेलु फोहोर दिगो व्यवस्थापनका लागि स्रोतमा वर्गीकरण गर्ने कामको थालनी महानगरले २७ नम्बर वडाबाट सुरू गरिएको थियो । ५ हजार जनसंख्या रहेको २७ नम्बर वडमा १ हजार ४ सय घरधुरी छन् । जहाँबाट निस्कने कुहिने फोहोरको मात्रा दैनिक औसत ५ सय केजी छ ।

वातावरण व्यवस्थापन विभागकी उपनिर्देशक सानुमैयाँ महर्जन भन्छिन्, 'एक हप्तामा जम्मा भएको फोहोरको एक पाइल बनाउँछौं । एउटा पाइलमा करिब ३५ सय किलो कुहिने फोहोर हुन्छ । एक भाग कुहिने फोहोरमा एक भाग टोकोजाइ नामक व्याक्टेरिया मिसाउनु पर्छ । यसले फोहोरलाई गन्धरहित बनाउँछ । लिचेड निस्कन दिँदैन ।' कुहिने फोहोरलाई एक हप्तामा एक पटक पल्टाएर कम्पोस्ट मल तयार गरिने उनले बताइन् ।

महानगरका अनुसार २७ नम्बर वडामा फोहोर वर्गीकरण गरेर २१ माघदेखि टेकु ल्याउन थालिएको थियो । त्यसपछि संकलन भएको फोहोरलाई पाइल गरिएको हो । अहिलेसम्म ४ पाइल तयार भइसकेका छन् । संकलित फोहोरको १५ प्रतिशत मात्रामा जैविक मल उत्पादन हुन्छ ।

'फोहोरको दिगो व्यवस्थापनका लागि स्रोतमा नै वर्गीकरण गर्ने अभियान थालिएपछि वडाबाट फोहोर उत्पादनको स्वरुपमा परिवर्तन आएको छ,' विभागका इञ्जिनियर सरकारदीप श्रेष्ठ भन्छन्, 'फोहोर छुट्याउन थालेपछि कुहिने फोहोरलाई उत्पादक आफैंले मल बनाउन थाल्नु भएको छ । नकुहिने फोहोर बेच्न र पुन: प्रयोग गर्न थाल्नु भएको छ । फोहोर एकै ठाउँमा हुँदा चाहिँ मल बनाउन झन्झट, बिक्री पनि नहुने थियो । अब मल बनाउन पनि मिल्छ । बिक्री गर्न पनि मिल्छ । यसकारण संकलन हुने फोहोरको मात्रा नै घटेको छ ।'

वडा नम्बर २७ ले फोहोर वर्गीकरण र ढुवानीका लागि निरन्तर निगरानी गरिरहेको छ । उत्पादकलाई वर्गीकरणका लागि प्रोत्साहन गर्ने, सचेतना वढाउने र सहभागी गराउने कामलाई निरन्तर सञ्चालन गरिरहेको छ । *(स्रोत: अनलाइनखबर)*

# उत्पादनमूलकतर्फको कोरियन भाषा परीक्षा आउँदो पुससम्म चल्ने

काठमाडौं/सन् २०२३ को उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षा सुरु भएको छ । परीक्षामा १ लाख ६३ हजार ६३५ जना परीक्षार्थी सामेल हुँदैछन् ।

वैदेशिक रोजगार विभाग अन्तरगतको ईपीएस कोरिया शाखाका अनुसार तीन चरणमा परीक्षा हुनेछ । पहिलो चरणमा सोमबारदेखि सुरु भएको परीक्षा आगामी २४ चैतसम्म चल्ने छ । दोस्रो चरणको परीक्षा ३१ वैशाखदेखि १६ साउन २०८१ सम्म र तेस्रो चरणको परीक्षा २६ कात्तिकदेखि २ पुस २०८१ सम्म सञ्चालन हुनेछ । परीक्षा यूबीटी भवन भैंसेपाटीमा कोरियाको एचआरडी कोरियाको प्रत्यक्ष निगरानीमा दैनिक पाँच सिफ्टमा सञ्चालन हुने शाखाले जनाएको छ । प्रत्येक सिफ्टमा २०० जनाको दरले एक दिनमा एक हजार जनाको परीक्षा ट्याब (कम्प्युटर)मा सञ्चालन हुनेछ ।

'आफ्नो परीक्षा कुन दिन र कुन सिफ्टमा पर्छ सो कुरा थाहा पाउन ईपीएस कोरिया शाखाको वेबसाइटमा गई एकिन गर्नु पर्नेछ,' शाखाले निकालेको सूचनामा भनिएको छ,'परीक्षा सञ्चालन हुनु भन्दा कम्तीमा १ घण्टा अगाडि बायोमेट्रिक भेरिफिकेसनको लागि परीक्षा केन्द्रमा अनिवार्य रुपमा पुग्नु पर्ने छ ।' *(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मछिन्द्र बागमती गोल्डकपको फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत मछिन्द्र फुटबल क्बल फाइनलमा प्रवेश गरेको छ ।



सोमबार बागमती-८, स्थित जनता माविको खेलमैदानमा भएको पहिलो सेमिफाइनल खेलमा न्यरोड टिम (एनआरटी) लाई ५-१ गोलले हराउँदै मछिन्द्र फाइनलमा प्रवेश गरेको हो । मछिन्द्रको जीतमा हिसुव थपलिया र विदेशी खेलाडी स्टेफेन समीरले दुई-दुई तथा विमल घर्तीमगरले एक गोल गरे । खेलको नवौं मिनेटमा थपलियाको गोल मार्फत सुरुवाती अग्रता बनाएको मछिन्द्रका लागि स्टेफेनले १३ औं मिनेटमा र ४६ औं मिनेटमा गोल गरे भने खेलको दोस्रो हाफको १४ औं मिनेटमा थपलियाले व्यक्तिगत दोस्रो गोल गरे ।

यस्तै घर्तीले ९१ औं मिनेटमा गोल गरे । एनआरटीका लागि खेलको दोस्रो हाफको १५ औं मिनेटमा विदेशी खेलाडी सेवेले गोल गरे पनि टिमलाई हारबाट जोगाउन सकेन । खेलको म्यान अफ द म्याच मछिन्द्रका थपलिया घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि भएको क्वाटरफाइनल खेलमा सिमराको नवजनजागृति युवा क्लबलाई हराउँदै एनआरटी सेमिफाइनल प्रवेश गरेको थियो भने जावलाखेल युथ क्बललाई हराउँदै मछिन्द्र सेमिफाइनल प्रवेश गरेको हो ।

फाइनल प्रवेश गरेको मछिन्द्र अब उपाधिका लागि विभागीय टोलीहरु त्रिभुवन आर्मी क्बल र सशस्त्र प्रहरी बल एपीएफबीचको विजेतासँग बिहीवार प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# महादेवस्थान र घर्ती खोलामा स्वास्थ्य परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ नेपाल हृदयरोग निवाहरण प्रतिष्ठान उपशाखा पालुङको आयोजनामा नि:शुल्क स्वास्थ्य सिविर भएको छ । प्रतिष्ठानले ५ फाल्गुन शनिबार थाहा नगरपालिकाको महादेवस्थान र ७ फागुन सोमबार घर्तीखोलामा नि:शुल्क स्वास्थ्य सिविर सञ्चालन गरेको हो ।

महादेवस्थानमा ३० जना र घर्तीखोलामा ४३ जनाको स्वास्थ्य परीक्षण गरिएको प्रतिष्ठानका सहसचिव राजाराम रायमाझीले जानकारी दिए । सिविरमा डा. गगन कार्कीले स्वास्थ्य परीक्षण गरेका थिए । सिविरमा पालुङ स्वास्थ केन्द्रका साजन गोपाली र चन्द्रदीप भुजेलले परीक्षणमा सहयोग गरे । सिविरमा प्रतिष्ठान पालुङ उपशाखा अध्यक्ष बिमलकुमार ढकाल, ३ नम्बर वडासदस्य कृष्णकुमार कार्की, प्रतिष्ठानका सचिव सहदेव ढकाल, कोषाध्यक्ष सरोज विष्ट, सहसचिव राजाराम रायमाझीको उपस्थिति थियो । सिविरको अवसरमा प्रतिष्ठानले आजीवन सदस्यता समेत वितरण गरेको थियो ।

# लालीगुराँस महिला बहुउद्देश्यीयको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/थाहा नगरपालिका-१, ओखरबजारस्थित लालीगुँरास महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २१ औं वार्षिक साधारणसभा भएको छ ।



संस्थाका अध्यक्ष रीता प्रधानको अध्यक्षता तथा थाहा नगर पालिका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । साधारणसभामा भावी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अध्यक्ष प्रधानले ग्रामीण समुदायको सानो क्षेत्रमा ४८ जना सदस्यबाट सुरुवात गरिएको संस्थामा हाल थाहा-१ र २ वडामा गरी ६ सय ९२ जना महिला शेयर सदस्य रहेको जानकारी दिइन् । उनले संस्थाको उद्देश्यअनुरुप कार्यगर्दै आइरहेकोले मध्यमाञ्चलकै उत्कृष्ट सहकारीको रुपमा पहिचान गराइ पुरस्कृत हुन सफल रहेको स्मरण गरिन् ।

अध्यक्ष प्रधानले संस्थाले आर्थिक क्रियाकलाप मात्र नगरी मनोसामाजिक मनोविमर्श सेवा, अभिमूखीकरण, तरकारी खेती, बाख्रापालनलगायत कार्य र घरेलु हिंसापीडित महिलालाई उचित न्याय दिलाउने कार्यको पनि निरन्तर काम गरिरहेको जानकारी दिइन् । साधारण सभामा संस्थाका कोषाध्यक्ष नानीछोरी प्रधानले संस्थाको शेयरपुँजी २४ लाख ५४ हजार तथा बचत ८५ लाख ४४ हजार रुपैयाँ र ऋण लगानी १ करोड १७ लाख रहेको आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी छन् ।

साधारणसभाका प्रमुख अतिथि उपप्रमुख गोपालीले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नुपर्ने बताए । गोपालीले सहकारी संस्था वित्तीय क्रियाकलापमा मात्र सीमित नरही लालिगुराँस महिला बहुउद्देश्यीय जस्तै अरु सहकारीले पनि विभिन्न सामाजिक क्रियाकलापमा लाग्नु पर्ने बताए ।

साधारणसभामा वडा नम्बर १ का कार्यवाहक अध्यक्ष सरोज प्रधान, जिल्ला सहकारी संघका कोषाध्यक्ष विमलकुमार ढकाल, थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, भूमिआयोग मकवानपुरका सदस्य अरुण रायमाझी, पालुङ बहुमुखी क्याम्पसका प्रमुख राजन मिश्र, लायन्स क्लव अफ पिस थाहाका अध्यक्ष गीता कार्की, मत्स्यनारायण माविकी शिक्षिका अम्बिका लामिछाने, पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्णबहादुर बिष्टले आफ्नो धारणा राखेका थिए ।

साधारणसभामा दामन चेली समाजका अध्यक्ष राधिका रायमाझी, झम्केश्वरी माविका प्रधानाध्यापक गणेशमान श्रेष्ठ, पाथिभरा सहकारीका अध्यक्ष नवराज कार्की, ल्याम्हे पुच:का सुविन्द्रमान प्रधान, फरक सोचका संयोजक यादव रायमाझी, थाहा नगरपालिका मनोसामाजिक परामर्सदाता सुनिता बस्नेत, महिलाजागृति सहकारीका अध्यक्ष सुमित्रा बिडारी, दलित मुक्तिमोर्चाका नगरअध्यक्ष पहलमान परियार, ओमशान्ति ओखरबजारका प्रमुख शर्मिला प्रधानलगायतको आतिथ्यता थियो ।

# आधुनिक राष्ट्रिय माविले जित्यो क्रिकेट उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले स्वर्गीय निरज श्रेष्ठ स्मृति अन्तरविद्यालय टि २० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

मकवानपुर क्रिकेट संघको आयोजनामा सोमबार भएको फाइनल खेलमा आधुनिकले भुटनदेवी माध्यमिक विद्यालयलाई ६७ रनले पराजित गरेको हो । भुटनदेवी पहिलो संस्करणको विजेता हो । टस जितेर ब्याटिङ रोजेको आधुनिकले २० ओभरमा ९ विकेटको नोक्सानीमा १३७ रन बनायो । आधुनिकका रोहित ठाकुरले ३९ रन, रबि यादवले २५ रन जोडेका थिए । भुटनदेवीका लागि सजिल अलिखानले ४ विकेट, नरेन्द्र अधिकारी, रितिक यादव, नसिम शेख र ओमप्रकाश रामले समान १ विकेट लिए ।

भुटनदेवी १४ दशमलव ४ ओभरमा अलआउट हुँदै ७० रनमै सीमित बनेको थियो । भुटनदेवीका नसिम शेखले १७ रन बाहेक अरु खेलाडीले रन बटुल्न सकेनन् । भुटनदेवीलाई सस्तैमा समेट्नको लागि राहुल यादवले ४, रबि यादवले २, रोहित ठाकुर र प्रिन्स यादवले समान १ विकेट लिए । प्रतियोगितामा आधुनिकका राहुल यादव म्यान अफ द म्याच घोषित भए । प्रतियोगितामा आधुनिकका प्रिन्स यादव बेष्ट ब्याट्सम्यान, सिद्धार्थ शिशुसदन विद्यालयका महेश स्याङ्वो बेष्ट बलर र भुटनदेवी माविका नरेन्द्र अधिकारी म्यान अफ द सिरिज घोषित भए ।

प्रतियोगितामा विजेता र उपविजेता टिमले क्रमश: नगद ४० हजार र २० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको छ । मकवानपुर क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-४ वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुर क्रिकेट संघका संस्थापक अध्यक्ष अरुणराज सुमार्गी, निवर्तमान अध्यक्ष बासुलाल श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गी प्रतियोगिता संयोजक संजोग पोखरेललगायतको आतिथ्यता थियो ।

# 'प्रजातन्त्र दिवसले राष्ट्र निर्माणमा प्रेरणा प्रदान गरोस्'

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले फागुन ७ मा मनाइएको राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा सन्देश जारी गर्दै समुन्नत राष्ट्र निर्माणमा दिवसले प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना दिएका छन् ।



दिवसका अवसरमा प्रमुख शर्माले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण प्रजातन्त्रप्रेमी नेपाली दाजुभाइ तथा दिदिबहिनीमा शुभकामना व्यक्त गर्दै नागरिक अधिकार सुनिश्चित गर्दै लोकतान्त्रिक शासनप्रणाली स्थापना गर्नका लागि भएका सबै प्रकारका संघर्षमा अमूल्य जीवनउत्सर्ग गर्ने सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् ।

'प्रजातन्त्र दिवसले हामी सबैलाई देश विकास, समृद्धि र समुन्नत राष्ट्र निर्माणका लागि प्रेरणा प्रदान गरोस् ।' प्रमुख शर्माको प्रजातन्त्र दिवसको सन्देशमा उल्लेख छ । वि.सं. २००७ साल आजैका दिन मुलुकमा जहानियाँ निरङ्कुश शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको प्रमुखको सन्देशमा छ । 'जनताको संघर्षले जीत हासिल गरेको ऐतिहासिक दिनको स्मरण गर्दै आज हामी प्रजातन्त्र दिवस मनाइरहेका छौं ।' प्रमुख शर्माले भनेका छन् ।

आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था विगतकै त्याग, तपस्या र बलिदानीको उपलब्धि भएको प्रमुख शर्माको भनाई छ । 'हाम्रा जनप्रतिनिधिमार्फत् प्राप्त गरेको संघीयता, धर्मनिरपेक्षता, समानुपातिक एवम् समावेशीसहितको संविधानको जग २००७ सालको प्रजातान्त्रिक आन्दोलन नै हो ।'

विगतका परिवर्तनकारी आन्दोलन, संघर्ष एवम् गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै सहिदहरुले मार्गदर्शन गर्नुभएको सपना एवम् जनआकांक्षालाई मूर्तरुप दिने दिशामा अघि बढ्नु हामी सबैको दायित्व भएको शर्माले बताएका छन् ।

# युवा संघ र प्रेस चौतारीबीच मैत्रीपूर्ण फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ नेकपा एमालेको भातृसंगठन राष्ट्रिय युवा संघ नेपाल र प्रेस चौतारी नेपाल मकवानपुरबीच मैत्रीपूर्ण फुटबल आयोजना भएको छ ।

हेटौंडा-५ क्याम्पाडाँडामा रहेको खेलमैदानमा केपी ओली कप फुटबल प्रतियोगीताको प्रचारका लागि मैत्रीपूर्ण फुटबल प्रतियोगिता गरिएको हो । मैत्रिपूर्ण फुटबलमा युवा संघले ६-० गोल अन्तरले बिजयी भएको हो । युवा संघबाट सुरेश बेरोजगारले २ गोल, स्याम लो, जीवन विष्ट, नरेन्द्र भण्डारी र गोकुल केसीले गोल गरेका छन् । प्रतियोगिताको बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गरे । कार्यक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष तथा बागमती प्रदेश सांसद एकालाल श्रेष्ठलगायत नेताहरुको आतिथ्यता रहेको थियो ।

आगामी फागुन ११ गतेदेखि १९ गतेसम्म काठमाडौंमा हुने केपी ओली कप फुटबल प्रतियोगीताको प्रचारका लागि मैत्रीपूर्ण सेभेन 'ए' साइड फुटबल आयोजना गरिएको राष्ट्रिय युवा संघ नेपाल मकवानपुरका संयोजक राजेश नगरकोटीले बताए । मैत्रीपूर्ण सेभेन 'ए' साइड फुटबल खेलले केपी ओली कप फुटबल प्रतियोगिताको प्रचार हुनुका साथै २ संगठनबीचको सम्बन्ध सुमधुर भएको बताइएको छ ।

# राष्ट्रिय फुटसलमा हेटौंडा उपविजेता



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ झापाको बिर्तामोडमा सम्पन्न पाँचौ संस्करणको राष्ट्रिय फुटसल प्रतियोगितामा हेटौंडा उपविजेता बनेको छ । सामाजिक सञ्जालमा चर्चित मेन्स रुम रिलोडेड समूहले आयोजना गरेको प्रतियोगिताको सोमबार भएको फाइनल खेलमा हेटौंडा ललितपुर सँग पराजित बनेको हो ।

ललितपुरले ११-५ गोल अन्तरले हेटौंडालाई पराजित गरेको हो । सूमहले हरेकवर्ष अरु क्रियाक्लापसँगै फुटसल प्रतियोगिताको आयोजना गर्दै आएको हेटौंडा फुटसल टिम क्याप्टेन निरजसिंह ठकुरीले बताए ।

प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

# कृष्ण आदर्श ट्रुपले जित्यो नृत्य प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडा-९, स्थित कृष्ण आदर्श स्काउट ट्रुपले चितवनमा आयोजित नृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गरेको छ । चितवन स्मार्ट स्काउट क्रुले भरतपुर भ्रमण वर्ष २०८० का अवसरमा आयोजित क्याम्पमा कृष्ण आदर्श स्काउट ट्रुपले सहभागी २९ विद्यालयलाई पछि पार्दै प्रथम हुन सफल भएको हो ।

भरतपुर भ्रमण वर्ष २०८० स्काउट क्याम्पमा विभिन्न ५ जिल्लाका ३० विद्यालयको सहभागिता रहेको थियो । क्याम्पको नृत्य प्रतियोगितामा प्रथम भएसँगै कृष्ण आदर्श ईङ्लिस बोर्डिङ स्कुलको टोलीले ट्रफी पाएको स्काउट शिक्षक अशोक सारुमगरले जानकारी दिए ।

स्काउट क्याम्पको नृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गरेकोमा विद्यालयले स्काउट टोलीका सदस्यलाई बधाई ज्ञापन गर्दै अन्य विधामा पनि सफलताको कामना गरेको छ । स्काउट टोलीको समर्पण, टीमवर्कका कारण उपलब्धी हासिल भइरहेको भन्दै विद्यालयका संचालक नविन केसीले आगामी दिनमा पनि यस्तै सफलता पाउन मेहनत गर्नुपर्ने बताए ।

# माइग्रेसन हराएको सूचना

मेरो निम्न व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्द्वारा प्रदान गरिएको तपशिलबमोजिम व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट मिति २०७२ बैशाख २० गते हेटौंडा-१७ हटियाबाट हेटौंडा बजार आउने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:**

| | | |
|---|---|---|
| नाम | : | प्रयोग खतिवडा |
| ठेगाना | : | हेटौंडा-१७, हटिया |
| रजिष्ट्रेशन नम्बर | : | ६६३१०३४४९ |
| क्याम्पस | : | हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्स, हेटौंडा, मकवानपुर |
| सिम्बोल नम्बर | : | ३३१००६१३ |
| वर्ष | : | २०६९ |
| सम्पर्क नम्बर | : | ९८५१३११८७२ |

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना